सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

स्थानीय राजपत्र

खण्डः ५ संख्या :१२ मितिः २०७८/०४/०१

# भाग-२
# सानीभेरी गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७८ सालको कार्यविधि नं. ८

# सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि-२०७८

## प्रस्तावनाः

सानीभेरी गाउँपालिकामा कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, साना सिंचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन, व्यवस्थापन र सोको नियमन सम्बन्धी अधिकार र जिम्मेवारी गाउँपालिका सरकारमा निहित रहेको हुलाले विद्यमान संरचना र नीतिगत एवम् कानूनी व्यवस्था समेतलाई मध्यनजर गरी सानीभेरी गाउँपालिकाका वडाहरुमा सार्वजनिक, निजी तथा साझेदारीमा सहभागितामूलक एवं बहुपक्षीय कृषि प्रसार सेवा प्रवाह संयन्त्रको स्थापना गरी सोको संचालन, व्यवस्थापन र नियमन सम्बन्धमा मार्ग निर्देशन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उप दफा २ को खण्ड "ण" (१ र २) र "द" (१) र प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि - २०७८" जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१)यस कार्यविधिको नाम सानीभेरी गाउँपालिकाको **"सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि - २०७८"** रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले सानीभेरी गाउँपालिकाको सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि - २०७८ सम्झनु पर्दछ ।

(ख) ऐन भन्नाले स्थानीय सरकार संचालन २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले सानीभरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “अधिकृत” भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “वडा” भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गतको वडालाई सम्झनु पर्दछ ।

(छ) "केन्द्र" भन्नाले सामुदायिक कृषि प्रसार सेवा केन्द्र सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(झ) "प्रादेशिक मन्त्रालय" भन्नाले कर्णाली प्रदेशको कृषि हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) "कृषक" भन्नाले सम्बन्धित वडा भित्र कृषि, पशुपन्छी र माछा उत्पादनमा संलग्न नागरिक वा घरपरिवार भन्ने सम्झनु पर्दछ ।

(ट) “कृषि” भन्नाले जीवन धान्न र विकास/बृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिवुटी र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने विरुवा, पशुपन्छी (माछा समेत) र ढुसी (च्याउ जात) को खेती वा पालन र प्रजनन सम्बन्धी कार्य भन्ने बुझाउँछ ।

(ठ) "समिति" भन्नाले सामुदायिक कृषि प्रसार सेवा केन्द्र व्यवस्थापन समितिलाई सम्झिनु पर्दछ ।

(ड) “निजी क्षेत्र” भन्नाले कानुन वमोजीम दर्ता भई पालिका स्तरमा कृषि कर्म, कृषि प्रविधि एवं कृषि प्रसारमा संलग्न निजी फर्म, कम्पनी, एग्रोभेट, पाराभेट, स्थानीय कृषि स्रोत व्यक्ति आदिलाई सम्झनु पर्दछ ।

(ढ) “सामुदायिक क्षेत्र” भन्नाले कानुन वमोजिम दर्ता भै कृषि कर्म एवं कृषि प्रसारमा संलग्न कृषक समूह, कृषि सहकारी, कृषि सामाग्री एवं उत्पादन संकलन तथा वितरण केन्द्र, कृषि एवं पशुपन्छी सम्बन्धी सिकाइ/अध्ययन वा तालिम केन्द्र आदिलाई सम्झनु पर्दछ ।

(ण) "सेवा प्रदायक” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भइ अनुसूची ४ मा उल्लेख भए बमोजिमका कृषि सेवा प्रवाह गर्ने सेवा प्रदायक कृषक/स्रोत व्यक्ति, कृषक समूह, सहकारी, कृषि उपज बजार संचालक/व्यवस्थापन समिति, कम्पनी तथा संघ संस्था समेत सम्झनु पर्दछ ।

**३. <u>उद्देश्य</u> :** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) सानीभेरी गाउँपालिका भित्र कृषक एवं बहुल सेवा प्रदायकको सहभागितामा सामुदायिक कृषि प्रसार सेवा केन्द्र मार्फत दिगो कृषि प्रसार सेवा विस्तार गर्ने आधार तयार गर्ने ।

(ख) यस गाउँपालिका भित्रका वडास्तरमा सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना एवं सञ्चालन सम्बन्धी प्रकृयालाई मार्गनिर्देश गर्ने ।

(ग) केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धमा गाउँपालिका र सामुदायिक कृषि प्रसार सेवा केन्द्र व्यवस्थापन समितिको भूमिका निर्धारण गर्ने ।

(घ) सेवा केन्द्रको स्थापना तथा यसको प्रभावकारी सञ्चालन सम्बन्धमा संघ र प्रदेश सरकार तथा अन्य विकास साझेदारको भूमिका पहिचान गर्ने ।

## परिच्छेद - २

## <u>सेवा केन्द्रको स्थापना तथा सञ्चालन प्रक्रिया</u>

**४. <u>केन्द्रको स्थापना गरिने</u>** : सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना देहाय बमोजिम हुनेछ,

(१) सानीभेरी गाउँपालिकाले कृषकको जनसंख्या, कृषि तथा पशु विकासको संभावना, कृषि उत्पादन पकेट क्षेत्र / कृषि वाली वस्तुको उत्पादन क्लष्टर वा कृषि मूल्य श्रृंखला अवस्थिति र कृषि प्रसार सेवामा कृषकको पहुँचको आधारमा सेवाको आवश्यकता पहिचान गरी कम्तिमा एक वडामा एक पर्ने गरी सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना गर्नको लागि सहजीकरण गर्नेछ ।

(२) सामुदायिक कृषि प्रसार सेवा केन्द्र सञ्चालनका लागि गाउँपालिकाले वडाहरुमा रहेका सामुदायिक भवन, कोठा वा कार्यालय, सहकारीको भवन वा सार्वजनिक स्थान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाको अग्रसरतामा केन्द्रको स्थापना हुनेछ र केन्द्रलाई आत्मनिर्भर एवं स्वःपरिचालित सामुदायिक संस्थाको रुपमा विकास गरिनेछ ।

(४) गाउँपालिकाले केन्द्रको स्थापना तथा संचालनका लागि संघ र प्रदेशमध्ये कुनै एक वा दुवैको र अन्य विकास साझेदारहरुको समेत सहयोग लिन सक्नेछ ।

(५) सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन केन्द्रको स्वीकृत विधान बमोजिम हुनेछ । अनुसूची १ र अनुसूची २ बमोजिम सूचीकृत भएका कृषक र सेवा प्रदायकहरु उपस्थित भएको साधारण भेलाले सर्वसम्मत वा सो नभए बहुमतको निर्णयबाट केन्द्रको विधान स्वीकृत हुनेछ ।

(६) केन्द्रको विधान यस पालिकाको कानून र यस कार्यविधिसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**५. <u>केन्द्रको सदस्यहरुको अभिलेख तयार गरिने</u>** :

(१) सम्बन्धित वडा भित्रका कृषक एवम् सेवा प्रदायकहरुले केन्द्रको विधान बमोजिम सदस्यता लिन सक्नेछन्

(२) केन्द्रले उपदफा (१) बमोजिम सदस्यता लिने प्रयोजनको लागि सूचना प्रवाह गरी आवेदनको ढाँचा सहित कृषक एवं सेवा प्रदायकहरुबाट सदस्यताको लागि आव्हान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम आवेदन प्राप्त हुन आए पश्चात केन्द्रले आवेदन दिने कृषक सदस्यहरुको अभिलेख अनुसूची १ बमोजिम राख्नेछ ।

(४) उपदफा (२) बमोजिम आवेदन प्राप्त हुन आए पश्चात केन्द्रले आवेदन दिने सेवा प्रदायकहरुको अभिलेख अनुसूची २ बमोजिम राख्नेछ ।

(५) केन्द्रले उपदफा (३) र (४) बमोजिम तयार भएको अभिलेख वार्षिक रुपमा अद्यावधिक गर्नेछ ।

(६) केन्द्रको विधान बमोजिम केन्द्रले आफ्नो सदस्यहरुको सदस्यता नवीकरण तथा खारेज गर्न सक्नेछ र यसै कार्यविधिको अनुसूची १ र अनुसूची २ बमोजिमको विवरण अद्यावधिक गर्नेछ ।

**६. <u>केन्द्र व्यवस्थापन समिति</u> :**

(१) केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि एक केन्द्र व्यवस्थापन समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा अनुसूची १ बमोजिमको अभिलेखमा सूचीकृत कृषकहरुमध्येबाट चुनिएका न्यूनतम २ जना महिला प्रतिनिधि सहित ५ जना र अनुसूची २

बमोजिमको अभिलेखमा सूचीकृत सेवा प्रदायकहरु मध्येबाट चुनिएका न्यूनतम २ जना महिला प्रतिनिधि सहित ५ जना गरी जम्मा १० जना रहनेछन् ।

(३) अनुसूची २ मा न्यूनतम ५ जना सेवा प्रदायक सूचीकृत नभएको अवस्थामा सबै सदस्य प्रतिनिधिको रुपमा रहनेछन् र महिला सेवाप्रदायक सूचीकृत नभएको खण्डमा सबै पुरुष प्रतिनिधि चुनिन बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम चुनिएका प्रतिनिधिको कार्यअवधि २ बर्ष हुनेछ । एक पटक चुनिएका प्रतिनिधि बढीमा थप एक कार्यअवधिको लागि चुनिन सक्नेछन् ।

(५) उपदफा (४) मा जेसुकै लेखिएता पनि अनुसूची १ मा सूचीकृत सबै कृषक वा अनुसूची २ मा सूचीकृत सबै सेवा प्रदायकको दुई कार्यअवधि पुगिसकेको खण्डमा पुन: चुनिन बाधा पर्ने छैन ।

(६) यस दफा बमोजिम गठन भएको केन्द्र व्यवस्थापन समितिमा कृषकहरुमध्येबाट चुनिएका ५ प्रतिनिधिबाट छानिएका १ र सेवा प्रदायकहरु मध्येबाट चुनिएका ५ प्रतिनिधिबाट छानिएका १ गरी जम्मा २ सह-अध्यक्ष रहने छन् ।

(७) समितिको बैठकको अध्यक्षता सह-अध्यक्षहरुबाट ६-६ महिनामा आलोपालो हुनेछ ।

(८) उपदफा (२) मा उल्लेख भए बमोजिम कृषकहरु मध्येबाट चुनिएका न्यूनतम ३ जना र सेवा प्रदायकहरु मध्येबाट चुनिएका न्यूनतम ३ जना गरी कम्तीमा जम्मा ६ जनाको उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(९) तत्कालीन सहअध्यक्षले समितिको बैठक बोलाउनेछन् र समितिको बैठकको निर्णयहरु उपस्थित सदस्यको सर्वसम्मत वा बहुमतले स्वीकृत गरे बमोजिम हुनेछ । तर मत बराबर भएको खण्डमा सम्बन्धित वडाको वडाध्यक्षले सहजिकरण गरी मत दिए बमोजिम हुनेछ ।

(१०) समितिले केन्द्रको दैनिक कार्यसञ्चालन गर्ने कार्यको लागि समितिको कुनै सदस्य वा सेवा प्रदायक वा कृषि प्राविधिक वा कर्मचारीलाई व्यवस्थापकको रुपमा जिम्मेवारी तोक्न सक्नेछ ।

(११) केन्द्रले पालिकासंग सम्पर्क/सञ्चार गर्नु पर्दा वडाध्यक्ष मार्फत गर्नुपर्नेछ ।

(१२) यस कार्यविधिमा उल्लेख भए बाहेक समितिको अन्य कार्यहरुको सम्पादन प्रक्रिया केन्द्रको विधान बमोजिम हुनेछ ।

७. **केन्द्रले उपलब्ध गराउने सेवाहरु :**

(१) केन्द्रले सामुदायिक कृषि प्रसार सेवा र व्यावसायिक कृषि प्रसार सेवा गरी दुई प्रकृतिका सेवाहरु उपलब्ध गराउनेछ ।

(२) केन्द्रले संघ, प्रदेश र यस गाउँपालिकाबाट प्राप्त गरेको स्रोत साधनको परिचालन गरी अनुसूची ३ मा उल्लेख भए बमोजिमको सामुदायिक कृषि प्रसार सेवाप्रवाह गर्नेछ ।

(३) केन्द्रले उपदफा (२) बमोजिमको कार्य सम्पादन गर्न पालिकाको समन्वय तथा स्वीकृतिमा अन्य संघ संस्थाको सहयोग प्राप्त गर्न सक्नेछ ।

(४) केन्द्रले आफ्नो स्रोत साधन तथा सेवा प्रवाहबाट आर्जन गरेको सेवा शुल्कको परिचालन गरी अनुसूची ४ बमोजिमको व्यावसायिक कृषि प्रसार सेवा प्रवाह गर्नेछ ।

(५) केन्द्रले अनुसूची १० बमोजिमको ढाँचामा केन्द्रको व्यावसायिक योजना बनाइ आँफैले वा अनुसूची २ बमोजिम सूचीकृत सेवा प्रदायकहरुको परिचालन गरी उपदफा (४) बमोजिमका व्यावसायिक कृषि प्रसार सेवा प्रवाह हुने व्यवस्था मिलाउनेछ । सामान्यतया सेवा प्रवाह गर्दा केन्द्रले निजी सेवा प्रदायकलाई परिचालन गर्नेछ र निजी सेवा प्रदायकबाट उक्त सेवा उपलब्ध हुन नसक्ने वा उपलब्ध भएको सेवाको परिमाण वा गुणस्तर न्यून भएको अवस्थामा केन्द्र आँफैले सम्बन्धित सेवा प्रवाह गर्न सक्नेछ ।

(६) केन्द्र बहुल सेवा आवश्यक पर्ने कृषक सदस्यहरूको सम्पर्क थलोको रुपमा रहनेछ ।

(७) सूचीकृत भएका सेवा प्रदायकहरु मार्फत कृषकको माग बमोजिम अनुसूची ४ बमोजिमको सेवा प्रवाह गर्नु केन्द्रको दायित्व हुनेछ ।

(८) केन्द्रले अनुसूची २ मा सूचीकृत सेवा प्रदायकहरु परिचालन गरी संघ, प्रदेश र पालिकाबाट उपलब्ध गराइएको अनुदानित कृषि सामग्री र सेवाहरु (भौचर समेत) प्रवाह गर्नेछ ।

(९) यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएता पनि सेवा शुल्क प्राप्त गर्न नपाउने गरी अनुसूची ३ बमोजिमको सामुदायिक सेवा प्रदान गर्न केन्द्र वा सेवा प्रदायकलाई बाध्य पारिने छैन । तर संघ, प्रदेश र पालिकाबाट स्रोत साधन उपलब्ध भएको खण्डमा अनुसूची ३ बमोजिम तोकिएका सामुदायिक सेवा प्रवाह गर्नु केन्द्रको दायित्व हुनेछ ।

(१०) केन्द्रबाट प्रवाह हुने अनुसूची ३ र अनुसूची ४ बमोजिमका सेवाहरुको गुणस्तर प्रचलित कानून बमोजिम हुनेछ र प्रचलित कानूनमा व्यवस्था नभएको हकमा गाउँपालिकाले आवश्यक सहजिकरण गर्नेछ ।

(११) गाउँपालिकाको कृषि तथा पशुपन्छी शाखा र पालिका अन्तर्गत गठित पालिकास्तरीय कृषि विकास समिति र वडा समितिवाट सञ्चालन हुने योजना तथा अनुगमन सम्बन्धी कार्यमा केन्द्रले आवश्यक सघाउ पु-याउनु पर्नेछ ।

(१२) केन्द्रको आफ्नो छुट्टै कोष हुनेछ र कोषको आम्दानीको स्रोत सेवा शुल्क, भाडा शुल्क, बीउ पूँजी सहयोग, सेवा प्रदायकको परिचालन/व्यावसायिक योजना कार्यान्वयनबाट सृजित नाफा हुनेछ ।

(१३) कोषको सञ्चालन तथा व्यवस्थापन केन्द्रको विधान बमोजिम हुनेछ र कोषमा प्राप्त हुने रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकमा खाता खोलि आम्दानी बाँध्नु पर्नेछ ।

(१४) केन्द्रको बैंक खाता संचालन केन्द्र व्यवस्थापन समितिको कोषाध्यक्ष, सचिव र समितिको निर्णय बमोजिम तोकिएको दुई जना सदस्यको संयुक्त हस्ताक्षरमा गरिनेछ ।

(१५) केन्द्रले आफूले सम्पादन गरेका कार्यहरु एवम् आर्थिक कृयाकलापहरुमा पारदर्शिता कायम गर्नुपर्नेछ र बर्षको कम्तीमा एक पटक अनुसूची १ र अनुसूची २ मा सूचीकृत भएका सदस्यहरुको साधारण भेला आयोजना गरी लेखा प्रतिवेदन पारित गर्नुपर्नेछ ।

८. <u>क्षमता विकास सम्बन्धी व्यवस्था</u> :

(१) सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारी र संचालकलाई आवश्यकता अनुसार गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाले प्राविधिक सहयोगका साथै कृषि प्रविधि परिक्षण, प्रदर्शन, व्यवसायिक योजना निर्माण आदीमा क्षमता विकास गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसार केन्द्रको क्षमता विकास सम्बन्धी कार्यका लागि नेपाल सरकार, मन्त्रालय मातहतका निकाय र प्रदेश सरकार मातहतका निकाय तथा कृषि क्षेत्रमा काम गर्ने अन्य संघ सस्थासंगसमेत आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

९. <u>सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था</u> : सामुदायिक कृषि प्रसार सेवा केन्द्रले सेवाग्राहीलाई व्यावसायिक सेवा प्रदान गरे वापत लिने सेवा शुल्क अनुसूची ८ बमोजिमको ढाँचामा निर्धारण गर्न गाउँपालिकाले केन्द्रलाई आवश्यक सहजीकरण गर्नेछ ।

१०. <u>जनशक्तिको व्यवस्था र परिचालन</u> : केन्द्रलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृती, नियुक्ति र परिचालन देहाय बमोजिम हुनेछ,

(१) केन्द्र व्यवस्थापन समितिले स्वीकृत गरे बमोजिम केन्द्रलाई आवश्यक पर्ने प्राविधिक र अन्य कर्मचारीको दरबन्दी संख्याको निर्धारण हुनेछ ।

(२) केन्द्र स्थापनाको शुरुवाती चरणमा आवश्यक पर्ने प्राविधिक कर्मचारी स्वयं गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ वा केन्द्रले नियुक्त गरेका कर्मचारीको तलब भत्तामा योगदान गर्न सक्नेछ ।

(३) अनुसूची ३ बमोजिमका सामुदायिक कृषि प्रसार सेवा सम्बन्धी कार्यको संचालन, रेखदेख, अनुगमन र सुपरिवेक्षण तथा आवश्यक नियमित प्राविधिक सेवा प्रदान गर्न गाउँपालिकाको कृषि र पशुपन्छी शाखाले सम्बन्धित सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संलग्नता र समन्वयमा गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त भएका प्राविधिक कर्मचारीले सेवा प्रदायक मार्फत प्रवाह गरिने कृषि प्रसार सम्बन्धी व्यावसायिक सेवाहरुको संचालनमा प्राविधिक सहयोग, रेखदेख, अनुगमन र नियन्त्रण गर्न सघाउ पुर्याउनेछ ।

(५) प्राविधिक कर्मचारीको विस्तृत कार्य विवरण (TOR) अनुसूची ७ बमोजिम हुनेछ ।

(६) केन्द्र व्यवस्थापन समितिले केन्द्रको दैनिक कार्य संचालन गर्ने कार्यको लागि समितिको कुनै सदस्य वा कृषि प्राविधिक वा कर्मचारीलाई व्यवस्थापकको रुपमा जिम्मेवारी तोक्न सक्नेछ ।

(७) व्यवस्थापकको काम, कर्तव्य र जिम्मेवारी समितिले तोके बमोजिम हुनेछ ।

(८) व्यावसायिक कृषि प्रसार सम्बन्धी सेवा प्रवाह गर्न केन्द्रमा सूचीकृत स्थानीय सेवा प्रदायकहरुलाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

११. **गाउँपालिका मार्फत केन्द्रलाई उपलब्ध हुन सक्ने सहयोग** : सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना, संचालन तथा व्यवस्थापन कार्यमा सघाउ पुरयाउन गाउँपालिकाको तर्फबाट अनुसूची ५ बमोजिमको सहयोग र सहजीकरण गर्न सकिनेछ ।

## परिच्छेद - ३

## काम, कर्तव्य र अधिकार

१२. **केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा उल्लिखित व्यवस्थाको अतिरिक्त दफा ६ बमोजिम गठन भएको केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

(क) दफा ७ को उपदफा (२) र (४) बमोजिमका सेवाहरु प्रवाहको लागि केन्द्रको वार्षिक एवम् आवधिक योजना तथा कार्यक्रम र बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्ने ।

(ख) केन्द्रको विधान बमोजिम कृषक र सेवा प्रदायकबाट सदस्यताको लागि आवेदन आव्हान गर्ने र सदस्यहरुको सूचीलाई अनुसूची १ र २ बमोजिमको अभिलेख अनुसार वार्षिक रुपमा अद्यावधिक गर्ने ।

(ग) सेवा प्रदायक र कृषक बीच नियमित अन्तर्क्रिया गरी कृषकलाई आवश्यक परेको दफा ७ को उपदफा (२) र (४) बमोजिमको कृषि प्रसार सेवाको विस्तार गर्ने । साथै, सम्भव भएसम्म कृषक र सेवा प्रदायक बीच सहकार्य गरी आवश्यक सेवाको सह-निर्माण वा सह-उत्पादन गर्ने व्यवस्था मिलाउने ।

(घ) दफा ७ को उपदफा (२) बमोजिमका कार्यहरु सञ्चालनको लागि प्रस्तावना तयार गरी सम्बन्धित वडा तथा गाउँपालिका तहमा समक्ष पेश गर्ने ।

(ङ) सेवा प्रदायकको विकास र क्षमता विस्तार गर्ने ।

(च) केन्द्रलाई आत्मनिर्भर संस्थाको रुपमा विकास गर्न व्यावसायिक योजना बनाइ कार्यान्वयन गर्ने ।

(छ) केन्द्रको आम्दानी र खर्चको लेखा हिसाब राख्ने एवम् सार्वजनिकीकरण गर्ने ।

(ज) यस गाउँपालिकासंगको समन्वयमा गाउँपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम सेवा प्रदायकले प्रदान गर्ने सेवाको गुणस्तर निर्धारण, सेवा प्रदायकको पारिश्रमिक तथा केन्द्रले लिने सेवा शुल्क निर्धारण गर्ने ।

(झ) गाउँपालिकाको कृषि तथा पशुपन्छी हेर्ने शाखासंग नियमित रुपमा समन्वय गर्ने ।

(ञ) सेवा प्रवाहको लागि आवश्यकतानुसार आचार संहिता एवम् आन्तरिक मापदण्डहरु बनाइ लागू गर्ने ।

(ट) पालिकाको परामर्श र समन्वयमा आवश्यकतानुसार कृषि प्राविधिक र अन्य कर्मचारीको नियुक्ति र परिचालन गर्ने ।

(ठ) केन्द्रको कार्यालय व्यवस्थापन एवं दैनिक कार्य सञ्चालन गर्ने ।

(ड) यस गाउँपालिकाको समन्वयमा संघ र प्रदेश सरकार एवं अन्य संघ संस्थाबाट सहयोग प्राप्त गरी सेवा प्रदायकको विकास, क्षमता अभिवृद्धि र परिचालन गर्ने ।

(ढ) कृषक तथा सेवा प्रदायकको सुपरिवेक्षण गर्ने, गुनासो सुनुवाइको संयन्त्र निर्माण गर्ने र गुनासाहरुको सम्बोधन गर्ने ।

(ण) चौमासिक एवं वार्षिक रुपमा केन्द्रले सम्पादन गरेको कार्यको समीक्षा गर्ने ।

(त) अन्तर सरकारी निकाय, कृषक समूह, सहकारी र अन्य वित्तीय संस्थाहरुसंग समन्वय एवं सहकार्य गर्ने ।

**१३. <u>गाउँपालिकाको भूमिका र दायित्व</u> :** सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना, संचालन र नियमन सम्बन्धमा पालिकाको भूमिका र दायित्व देहाय बमोजिम हुनेछ,

(१) गाउँपालिकाले आफ्नो प्रचलित ऐन, कानुन र यस कार्यविधि बमोजिम केन्द्रको दर्ता नवीकरण तथा नियमन गर्नेछ ।

(२) गाउँपालिकाले वडास्तरमा केन्द्र स्थापना गर्न सहयोग वा पूरक सहयोग उपलब्ध गराउनेछ ।

(३) गाउँपालिकाले वडास्तरमा दिगो रुपले केन्द्र सञ्चालन गर्न कृषि तथा पशुपन्छी शाखामार्फत क्षमता विकास एवम् आवश्यक सहजिकरण गर्नेछ ।

(४) गाउँ क्षेत्रभित्र स्थापित सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरुको संचालन तथा नियमन गर्ने सन्दर्भमा कृषि विकास शाखाले सहजीकरण गर्नुको साथै सचिवालयको भूमिका निर्वाह गर्नेछ ।

(५) गाउँपालिका आँफैले वा कुनै निकायबाट केन्द्रको दैनिक कार्य संचालनका लागि आवश्यक पर्ने भवन/जमिनको उपलब्धता गराउन सहयोग गर्नेछ ।

(६) गाउँपालिकाले केन्द्रबाट प्रवाह हुने सेवा एवं कृषि सामग्रीको गुणस्तर नियमन गर्नेछ ।

(७) गाउँपालिकाले केन्द्रको क्षमताले भ्याएसम्म वडातहमा सञ्चालन हुने कृषि प्रविधि प्रसारको कार्य केन्द्रको संलग्नता वा समन्वयमा सञ्चालन गर्नेछ ।

(८) गाउँपालिकाले केन्द्रमार्फत अनुसूची ३ बमोजिमको कार्यसम्पादनको लागि स्रोत साधनको व्यवस्था गर्न सक्नेछ ।

(९) सम्बन्धित वडाको वडाध्यक्ष केन्द्रको संरक्षकको रुपमा रहनेछन् र यस कार्यविधि बमोजिम निर्णय प्रकृयामा सहजिकरण गर्नेछ ।

(१०) गाउँपालिकाले वडा तहको कृषि नीति, योजना, तथ्यांक सम्बन्धी पृष्ठपोषणको लागि केन्द्रको परिचालन गर्न सक्नेछ ।

(११) कृषि अनुसन्धानमा संलग्न निकायहरु लगायत अन्य सम्बन्धित निकायहरुसंग समन्वय गर्न पालिकाले केन्द्रलाई आवश्यक सहजिकरण गर्नेछ ।

(१२) गाउँपालिकाले संभव भए सम्म गाउँपालिका भित्र कृषि प्रसार सेवा प्रवाहको लागि निजी सेवा प्रदायकको विकासको लागि सहजिकरण एवं नियमन गर्नेछ । तर सामान्यतया निजी सेवा प्रदायकबाट सम्पादन हुने कार्यमा गाउँपालिकाको प्रत्यक्ष संलग्नता हुनेछैन ।

(१३) गाउँपालिकाले कृषि र पशुसेवा शाखा मार्फत सामुदायिक कृषि प्रसार सेवा केन्द्रलाई आवश्यक प्राविधिक सहयोग गर्नेछ ।

(१४) गाउँपालिकाले सामुदायिक कृषि प्रसार सेवा केन्द्रबाट गुणस्तरीय, प्रभावकारी र पारदर्शी सेवा प्रवाह भएको/नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(१५) केन्द्रको दिगो विकासमा साझेदारी गर्न इच्छुक संघ, संस्थाहरुसंग गाउँपालिकाले आवश्यक समन्वय र सहकार्य गर्नेछ ।

(१६) गाउँपालिकाले एउटै प्रकृतिको कार्यको लागि कुनै पनि तह वा निकायबाट केन्द्रलाई हुने सहयोगमा दोहोरोपना हुन नदिन यस सम्बन्धी अभिलेख राख्ने र अनुगमन तथा सिफारिश गर्ने कार्य गर्नेछ ।

(१७) गाउँपालिकाले प्रदेश मन्त्रालय अन्तर्गतका प्रदेशस्तर वा जिल्लास्तर निकायहरु संग समन्वय गरी केन्द्रको विकासमा साझेदारीको लागि स्रोत जुटाउन आवश्यक भूमिका निर्वाह गर्नेछ ।

(१८) गाउँपालिकाले नेपाल सरकार, मन्त्रालय मातहतका निकायबाट केन्द्रको विकासको लागि प्राप्त हुने स्रोत साधनको प्रभावकारी परिचालनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

## परिच्छेद - ४

## केन्द्रको दर्ता र नवीकरण सम्बन्धी व्यवस्था

### १४. केन्द्रको दर्ता र नवीकरण :

(१) केन्द्रको दर्ता यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।दर्ता प्रयोजनका लागि प्रमुख प्रशासकीय अधिकृतले कृषि/पशु शाखा प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) गाउँपालिकाको कृषि/पशु शाखाले केन्द्रको दर्ताको अभिलेख राख्नेछ र अनुसूची ११ बमोजिमको ढाँचामा केन्द्रलाई दर्ता प्रमाण-पत्र उपलब्ध गराउने छ ।

(३) केन्द्रको दर्ता गर्न आउदा निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुको विवरण अनुसूची १२ बमोजिम हुनेछ ।

(४) दफा १ बमोजिम दर्ता भएका केन्द्रहरुको नवीकरण प्रत्येक वर्ष गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ र नवीकरण गर्ने अधिकार प्रत्यायोजन गरिएको हकमा सम्बन्धित कृषि/पशु शाखा प्रमुखले गर्नेछ ।

(५) गाउँपालिकाको कृषि/पशु शाखाले केन्द्रको नवीकरणको अभिलेख राख्नेछ र नवीकरणको ढाँचा अनुसूची १३ बमोजिम हुनेछ ।

(६) केन्द्रको दर्ता नवीकरण गर्दा निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुको विवरण अनुसूची १४ बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## अनुगमन तथा मूल्याङ्कन

**१५. अनुगमन तथा मूल्याङ्कन गरिने :**

(१) केन्द्र व्यवस्थापन समितिले नियमित रुपमा केन्द्रबाट सम्पादित कार्यको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) गाउँपालिकाले केन्द्रको उपलब्धि तथा प्रभावकारिता मूल्याङ्कन गर्नेछ ।

(३) सामान्यतया वडाध्यक्षले गाउँपालिकाको प्रतिनिधिको रुपमा समेत केन्द्रको अनुगमन तथा सुपरिवेक्षण गर्नेछन् ।

(४) केन्द्रको प्रतिफल, उपलब्धि तथा प्रभावकारिता मूल्याङ्कनका न्यूनतम आधारहरु अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछन् ।

(५) केन्द्र व्यवस्थापन समितिले कम्तीमा बर्षको एक पटक केन्द्रबाट सम्पादन भएका कार्यहरुको वार्षिक प्रगति प्रतिवेदन र लेखा सम्बन्धी प्रतिवेदन सम्बन्धित वडाध्यक्ष मार्फत गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(६) संघ र प्रदेश सरकारले आवश्यकतानुसार केन्द्रको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन् ।

(७) गाउँपालिकाले कृषि तथा पशु सेवा शाखा मार्फत केन्द्रबाट प्रवाह हुने सेवाको गुणस्तरको मापन अनुसूची ९ बमोजिमको ढाँचाको आधारमा गर्ने गराउने व्यवस्था मिलाउने छ ।

(८) गाउँपालिका स्तरीय कृषि विकास समितीले कृषि सेवा केन्द्रको अनुगमन, निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिन सक्नेछ ।

(९) अनुगमनको क्रममा केन्द्र व्यवस्थापन समितिले आफ्नो स्वीकृत विधान बमोजिम गर्नुपर्ने तोकिएका कार्यहरु नगरेको, लापरवाही गरेको, आर्थिक हिनामिना गरेको वा हिनामिना गर्ने आशय देखिएको खण्डमा गाउँपालिकाले समितिलाई सचेत गराउनेछ ।

(१०) उपदफा (९) बमोजिम पटक पटक सचेत गराउदा समेत अटेर गरी यस प्रकारका कार्यशैली नरोकिएको खण्डमा गाउँपालिकाले मौजुदा केन्द्र व्यवस्थापन समितिको पुनर्गठन गर्न सहजीकरण गर्नेछ वा सो समिति खारेज गरी नयाँ समिति गठन गर्न निर्देशन दिन सक्नेछ ।

## परिच्छेद - ६
## विविध

**१६. <u>प्रचलित कानुन बमोजिम हुने</u>** :यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७. <u>बाधा अडकाउ फुकाउ</u>** : यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सोको निवारण कार्यपालिकाले गर्नेछ ।

**१८. <u>संशोधन तथा खारेजी</u>** : यो कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची - १
(दफा ५ को उपदफा ३ संग सम्बन्धित)

**कृषक सदस्यहरुको अभिलेख**

**पालिकाको नाम :**

**वडा नम्बर :**

| क्र.सं. | कृषकको नाम थर | लिङ्ग | गाउँ/टोलको नाम | खेती गरेको जमिनको क्षेत्रफल (रोपनी) | मुख्य पशु चौपाया/संख्या | मुख्य खेती/पशुपालन गरेको बाली/वस्तु | फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची - २

(दफा ५ को उपदफा ४ संग सम्बन्धित)

**सेवा प्रदायकहरुको अभिलेख**

**पालिकाको नाम :** **वडा नम्बर :**

| क्र.सं. | सेवा प्रदायकको नाम थर | लिङ्ग | गाउँ/टोल को नाम | शैक्षिक योग्यता | तालिम | फर्म दर्ता भएको भए सोको नाम | सेवाको प्रकार | सेवा सम्बन्धी विस्तृत विवरण | फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|

## अनुसूची - ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

### केन्द्रबाट प्रवाह हुने सामुदायिक कृषि प्रसार सेवा

(क) कृषि बाली वस्तु, पशुपन्छी र माछाको नयाँ जात/नश्लहरुको परीक्षण तथा प्रदर्शन ।

(ख) कृषि बाली वस्तु, पशुपन्छी र माछा उत्पादनसंग सम्बन्धित आधुनिक प्रविधिको परीक्षण तथा प्रदर्शन ।

(ग) कृषि बाली वस्तु, पशुपन्छी र माछा उत्पादनसंग सम्बन्धित सहभागितात्मक परीक्षण/अनुसन्धान (पार्टिसिपेटरी एक्सन रिसर्च) ।

(घ) एकीकृत बाली/शत्रु जीव व्यवस्थापन/खाद्यतत्व पाठशाला तथा कृषि व्यवसाय/बीउ उत्पादन/पोषण/ व्यावसायिक/वित्तीय साक्षरता पाठशाला सञ्चालन ।

(ङ) आधुनिक, खेती लागत तथा कार्यबोझ न्यूनिकरण गर्ने कृषि औजार उपकरणहरुको परीक्षण तथा प्रदर्शन ।

(च) कृषि बाली वस्तु, पशुपन्छी र माछा सम्बन्धी सामूहिक तालिम ।

(छ) कृषक समूह तथा कृषि सहकारी संस्था गठन/पुनर्गठनका लागि सहजिकरण एवम् क्षमता विकास ।

(ज) संघ, प्रदेश र स्थानीय तहबाट कृषकहरुलाई लक्षित गरी सञ्चालन गरेका कार्यक्रमहरुको प्रचार प्रसार ।

(झ) भौचर प्रणाली तथा किसान कार्डको कार्यान्वयन ।

(ञ) सामुदायिक कृषि बजार स्थापना ।

(ट) सामुदायिक कृषि बजार सूचना प्रणालीको स्थापना ।

(ठ) कृषि तथा कृषि बजार सम्बन्धी अध्ययन/सर्वेक्षण ।

(ड) रैथाने बाली तथा पशुपन्छीको संरक्षण ।

## अनुसूची - ४

(दफा ७ को उपदफा ४ संग सम्बन्धित)

### केन्द्रबाट प्रवाह हुने व्यावसायिक कृषि प्रसार सेवा

(क) कृषकको मागमा आधारित कृषि सामग्रीको आपूर्ति तथा परामर्श (भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउने समेत) ।

(ख) बीउ, बेर्ना, नश्लको उत्पादन नर्सरी तथा स्रोत केन्द्र ।

(ग) व्यावसायिक योजना निर्माणको लागि स्रोत व्यक्तिको उपलब्धता ।

(घ) वित्तीय सेवाका लागि सहजिकरण ।

(ङ) विभिन्न कृषि सम्बन्धी पाठशाला तथा तालिमको लागि स्रोत व्यक्तिको उपलब्धता ।

(च) आधुनिक कृषि प्रविधि एवम् व्यवसाय परामर्श ।

(छ) पशुपन्छी तथा माछाको उपचार, खोप तथा भ्याक्सिनेसन ।

(ज) पशु वस्तुमा कृत्रिम गर्भाधान ।

(झ) बालीनालीको उत्पादनमा आवश्यक पर्ने विशेषज्ञ/विशिष्ट सेवा तथा परामर्श, जस्तै: काँटछाँट, बाली रोग पहिचान एवं बाली उपचार, रासायनिक तथा जैविक विषादी छर्कने, थोपा सिंचाइ लगायत नवीन सिंचाइ प्रविधिको जडान, प्लाष्टिक घर/टनेल जडान, वानस्पतिक प्रजनन्, बीउ उत्पादन, भण्डारण, उत्पादनोपरान्त क्षति न्यूनिकरण, घरायसी प्रशोधन आदि ।

(ञ) कृषि बाली वस्तु, पशुपन्छी र माछाको रोग तथा कीराको निदान प्रयोगशाला सेवा ।

(ट) माटो परीक्षण प्रयोगशाला सेवा ।

(ठ) कृषि यन्त्र तथा उपकरण सञ्चालन परामर्श एवम् मर्मत सेवा ।

(ड) व्यावसायिक तथा वित्तीय साक्षरता/परामर्श ।

(ढ) पोषण साक्षरता तथा परामर्श ।

(ण) बाली तथा पशुपन्छी बीमा अभिकर्ता एवम् सहजिकरण ।

(त) कृषि उपजहरु संकलन, ढुवानी र बजारीकरण सम्बन्धी सहजिकरण सेवा ।

(थ) कृषि उपज भण्डारण सेवा (चिस्यान तथा भण्डारण केन्द्रहरु सन्चालकहरु मार्फत) ।

## अनुसूची - ५

(दफा ११ संग सम्बन्धित)

## गाउँपालिका मार्फत केन्द्रलाई उपलब्ध हुने सहयोग

(क) केन्द्रको स्थापनाको लागि प्रारम्भिक (गठन तथा परिचालन) प्रकृयामा सहजिकरण ।

(ख) कृषक र सेवा प्रदायक बीच समन्वय गरी सेवा प्रवाहमा सहजिकरण गर्न र केन्द्रको व्यवस्थापनमा सघाउन निश्चित समयको लागि कृषि प्राविधिकको उपलब्धता ।

(ग) कृषि प्राविधिक परिचालन सम्बन्धी कार्यको सहजिकरण ।

(घ) कार्यालय व्यवस्थापन न्यूनतम सहयोग (मिनिमम् लजिष्टिक) ।

(ङ) कृषकहरुबाट माग भएको/हुने सेवाको आँकलन गर्न सहयोग ।

(च) सेवा प्रदायकको नक्शांकन तथा क्षमता आँकलन गर्न सहयोग ।

(छ) वार्षिक तथा आवधिक योजना एवम् व्यावसायिक योजना तयारी तथा कार्यान्वयनमा सहजिकरण ।

(ज) कार्यविधि अनुरुप हुने गरी सेवा प्रदायकको विकासमा सहयोग ।

(झ) प्राविधिक एवम् व्यवस्थापकीय क्षमता विकास ।

(ञ) विधान एवम् कार्यसञ्चालन प्रकृया तयारीमा सहजिकरण ।

(ट) अनुगमन तथा मूल्याङ्कन कार्यमा सहजिकरण ।

(ठ) सूचना व्यवस्थापन प्रणाली स्थापना ।

## अनुसूची - ६

(दफा १५ को उपदफा ४ संग सम्बन्धित)

## केन्द्रको प्रतिफल, उपलब्धि तथा प्रभावकारिता मूल्याङ्कनका न्यूनतम आधारहरु

### (१) प्रतिफल मूल्याङ्कनका न्यूनतम आधारहरु

| क्र.सं. | आधारहरु | सूचक | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषक सदस्यहरुको सदस्यता विस्तार | संख्या | केन्द्रको अभिलेख | |
| २ | कृषि प्रसार सेवा (अनुसूची ३ बमोजिम) को विस्तार | वडा भित्र सेवा प्राप्त गर्ने कृषक घरधुरीको प्रतिशत | केन्द्रको सर्वेक्षण | |
| ३ | कृषि सेवा प्रदायकको विस्तार | संख्या | केन्द्रको अभिलेख | |
| ४ | कृषि सेवा प्रदायकबाट अनुसूची ४ बमोजिमको सेवामा विस्तार | वडा भित्र सेवा प्राप्त गर्ने कृषक घरधुरीको प्रतिशत | सेवा प्रदायकको प्रतिवेदन | |

### (२) उपलब्धि तथा प्रभाव मूल्याङ्कनका न्यूनतम आधारहरु

<table>
<tr><th>क्र.सं.</th><th>आधारहरु</th><th>सूचक</th><th>सूचनाको स्रोत</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडाका प्रमुख बालीको उत्पादकत्व वृद्धि</td><td>उत्पादकत्व मे.टन/हेक्टर</td><td rowspan="6">स्थानीय तहबाट सर्वेक्षण हुने</td><td rowspan="2">वाली वस्तुहरु वडाले निर्धारण गर्ने</td></tr>
<tr><td>२</td><td>वडाका प्रमुख बालीको उत्पादन वृद्धि</td><td>उत्पादन मेटन</td></tr>
<tr><td>३</td><td>वडाका कृषकहरुको आम्दानी वृद्धि</td><td>रु/घरपरिवार</td><td></td></tr>
<tr><td>४</td><td>वडाका सेवा प्रदायकको आम्दानी वृद्धि</td><td>रु/सेवा प्रदायक</td><td></td></tr>
<tr><td>५</td><td>वडा भित्र कृषि क्षेत्रमा रोजगारी श्रृजना</td><td>रोजगारी श्रृजना संख्या</td><td></td></tr>
<tr><td>६</td><td>वडा भित्रका कृषकहरुको कृषि प्रसार सेवा प्रतिको सन्तुष्टी</td><td>सन्तुष्ट हुने कृषकको प्रतिशत</td><td></td></tr>
</table>

## अनुसूची - ७

(दफा १० को उपदफा ४ संग सम्बन्धित)

### कृषि प्राविधिकको कार्य विवरण (Terms of Reference)

कृषि प्राविधिकले कृषि प्रसार सेवा केन्द्रको मातहतमा रही केन्द्रको कार्यक्षेत्र भित्रका कृषकहरुलाइ प्रत्यक्ष लाभ पुग्ने गरी कृषि प्रसार सम्बन्धी सामुदायिक सेवाको संचालन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने छन् । कृषि प्राविधिकले केन्द्रमा सूचीकृत सेवा प्रदायकहरुलाई परिचालन गरी केन्द्रको व्यावसायिक योजनामा समावेश भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने, प्राविधिक रेखदेख गर्ने र सेवाको गुणस्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने कार्य गर्ने छन् । कृषि प्राविधिकले केन्द्र व्यवस्थापन समितिको निर्देशनमा केन्द्रसंग सम्वद्ध व्यक्ति, संस्था, सहयोगी निकाय र पालिकासंग आवश्यक समन्वय गरी काम गर्नेछन् ।

**(क) <u>भूमिका र जिम्मेवारी</u> :**

(१) वडाभित्रका कृषक, कृषि समूह, सहकारी र स्थानीय सेवा प्रदायकहरुको अभिलेख तयार गर्ने र अध्यावधिक गर्ने ।

(२) केन्द्रको वार्षिक एवम् आवधिक योजना तथा कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयनमा सहयोग गर्ने ।

(३) केन्द्रको कार्यक्षेत्र भित्र कृषि बाली वस्तु, पशुपन्छी र माछाको नयाँ जात/नश्लहरु तथा उत्पादनसंग सम्बन्धित आधुनिक प्रविधि एवं कृषि औजार उपकरणहरुको परीक्षण तथा प्रदर्शन गर्ने गराउने ।

(४) कृषक समूह तथा कृषि सहकारी संस्था गठन/पुनर्गठनका लागि सहजिकरण गर्ने र कृषकको प्राविधिक क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने ।

(५) संघ, प्रदेश र स्थानीय तहबाट कृषकहरुलाई लक्षित गरी सञ्चालन गरेका कार्यक्रमहरुको प्रचार प्रसार र कार्यान्वयन प्रक्रियामा सहजीकरण गर्ने ।

(६) भौचर प्रणाली तथा किसान कार्डको कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गर्ने ।

(७) एकीकृत बाली/शत्रुजीव व्यवस्थापन/खाद्यतत्व पाठशाला तथा कृषि व्यवसाय/बीउ उत्पादन र पोषण शिक्षा सम्बन्धी कार्यक्रम संचालनमा आवश्यक प्राविधिक सहजीकरण गर्ने ।

(८) सामुदायिक कृषि बजार र बजार सूचना प्रणालीको स्थापनामा सहजीकरण गर्ने ।

(९) केन्द्रमा सूचीकृत सेवा प्रदायकहरुलाई परिचालन गरी केन्द्रको व्यावसायिक योजनामा समावेश भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने, प्राविधिक रेखदेख गर्ने र सेवाको गुणस्तर अनुगमन तथा सुपरिवेक्षण कार्य गर्ने गराउने ।

(१०) केन्द्र व्यवस्थापन समितिको निर्देशनमा केन्द्रसंग सम्वद्ध व्यक्ति, संस्था, सहयोगी निकाय र पालिकासंग आवश्यक समन्वय गरी काम गर्ने ।

(११) उत्पादक समूह/सहकारीहरुलाई अन्य व्यवसायी तथा सेवाप्रदायकसँगको अन्तरक्रिया र व्यवसायिक आर्थिक पहलका लागि अन्तरसम्वाद गर्न सल्लाह दिने र सिकाउने ।

(१२) आवश्यकताहरुको लेखाजोखा र व्यवसायिक योजना तयार गर्ने जस्ता कार्यहरुमा सहयोग र सहजीकरण गर्ने ।

(१३) कृषकहरुलाई बचत तथा ऋण सहकारी, लघु वित्त संस्थाहरु, बैंक आदिमा वित्तीय पहुँच सिर्जना गराउनका लागि उत्पादक समूहका सदस्यहरुलाई जागरुक गराउने र आवश्यक सहजीकरण गर्ने ।

(१४) उत्पादन योजनाहरु (मौसमी पात्रो) निर्माण गर्न र त्यसको कार्यान्वयन गर्न उत्पादक समूहहरु र सहभागी कृषक घरपरिवारहरुलाई आवश्यक सहजीकरण र सहयोग गर्ने ।

(१५) कृषि प्रसार सेवाको विस्तारका लागि सेवा प्रदायक र सहयोगी निकायसँग सम्बन्ध विस्तार गर्ने ।

(१६) केन्द्रबाट संचालित क्रियाकलापको नियमित अनुगमन, फिल्डबाट संकलित तथ्यांक प्रविष्टी तथा व्यवस्थापन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(१७) विपन्न तथा सिमान्तकृत वर्गलाइ लैंगिक तथा सामाजिक समावेशीकरणको लागि मुलप्रवाहीकरण गर्न भूमिका निर्वाह गर्ने ।

(१८) स्थानीय सरकार तथा सम्बन्धीत विषयगत निकायसँग समन्वय गर्ने र केन्द्रको कार्यक्रममा स्थानीय समुदायको योगदानको खोजी गर्ने ।

(१९) निर्धारित मापदण्ड र फरम्याटमा हार्डकपी वा इलेक्ट्रोनिक कपी वा दुवै प्रकारको प्रतिवेदन समयमै नियमित रुपमा केन्द्र व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(२०) केन्द्रको बैठक, भेला, समिक्षा गोष्ठी तथा सार्वजनिक सुनाई कार्यक्रमहरुको संचालनमा सहयोग र सहजीकरण गर्ने ।

(२१) केन्द्रले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) <u>कृषि प्राविधिकको योग्यता, अनुभव र दक्षता</u> :**

सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा काम गर्ने कृषि प्राविधिकको योग्यता, अनुभव र दक्षता देहाय बमोजिम हुनेछ ।

(१) कृषि/पशु चिकित्सा विज्ञानमा जे.टि.ए कोर्स पुरा गरी कुनै पनि विषयमा +२ उत्तीर्ण गरेको ।

(२) कृषि प्रसार सम्बन्धी सामुदायिक र व्यावसायिक सेवा प्रवाहको क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको ।

(३) पारस्परिक वैक्तिक सीप भएको, नेटवर्किङ गर्न सक्ने र ग्रामिण परिवेशमा रही कृषक घर परिवारलाइ प्राविधिक सेवा उपलब्ध गराउन सक्ने क्षमता भएको ।

(४) कम्प्यूटर सम्बन्धी राम्रो सीप भएको ।

## अनुसूची - ८

(दफा ९ संग सम्बन्धित)

**केन्द्रबाट प्रवाह हुने व्यावसायिक कृषि प्रसार सेवाहरुको सेवा शुल्क निर्धारणको ढाँचा**

| क्र.स. | सेवाको विवरण | सेवाको प्रकार | प्रति इकाई दर रु. | परिमाण | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

** सेवाको प्रकृति हेरी सेवा विक्रीबाट आर्जन भएको कुल मुनाफाको ५-१० प्रतिशत रकम सेवा प्रदायकले केन्द्रलाई बुझाउनु पर्नेछ ।

## अनुसूची - ९

(दफा १५ को उपदफा ७ संग सम्बन्धित)

**केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवाको गुणस्तर निर्धारण सम्बन्धी मापदण्डको ढाँचा**

| क्र.स. | मापनका सूचकहरु | स्तर |
|---|---|---|
| १ | सेवा प्रवाहको लागि स्थापित सहायता कक्षमा रहेका आधारभूत सुविधा तथा उपकरणहरु (कम्पुटर, प्रिन्टर, टेलिफोन, इन्टरनेट, बस्ने ठाउँ आदि) को उपलब्धता र प्रयोग | |
| २ | सेवा प्रवाहको लागि आवश्यक पर्ने कृषि प्रसार सम्बन्धी जानकारीमुलक सामग्री तथा सूचना (लिफलेट, पोस्टर आदि) को उपलब्धता र प्रयोग | |
| ३ | सेवा प्रवाहमा आत्मनिर्भरता | |
| ४ | कृषि सामग्री, औजार, उपकरणको आपूर्ति तोकिएको समयमा गर्न सक्ने र प्राविधिक सेवा उपलब्ध गराउन सक्ने क्षमता | |
| ५ | कृषि सामग्री, औजार, उपकरण र प्राविधिक सेवाको गुणस्तर | |
| ६ | कृषक र सेवा प्रदायकको अभिलेख व्यवस्थित रुपमा तयार गरी अध्यावधिक गरेको अवस्था. | |
| ७ | कर्मचारीले केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवा सम्बन्धी कृयाकलाप बारे कृषकहरुलाइ समयमा जानकारी गराएको | |
| ८ | कृषकहरुलाई मागमा आधारित सेवा उपलब्ध गराउन केन्द्र अन्तर्गतका कर्मचारी र सेवा प्रदायकको तत्परता | |
| ९ | सेवाग्राही कृषकको चाहना र आवश्यकता अनुसारको सेवा प्रवाहमा लचकता | |
| १० | सेवा प्राप्त गर्ने कुरामा कृषकको विश्वास र ढुक्कता | |
| ११ | सेवा प्रदायकको परिचालनको अवस्था र प्राविधिक दक्षता | |
| १२ | सेवा प्रवाहको लागि अनुकुल समय र स्थान | |
| १३ | सेवा प्रवाहमा निस्पक्षता र पारदर्शिता | |
| १४ | सेवा संचालनका लागि आवश्यक पर्ने पूर्वाधारको व्यवस्था | |
| १५ | व्यावसायिक योजनाको निर्माण तथा कार्यान्वयनको अवस्था | |
| १६ | सेवामा लैंगिक तथा सामाजिक समावेसीकरणको अवस्था | |
| १७ | निर्णय प्रक्रिया र निर्णयको कार्यान्वयनको अवस्था | |
| १८ | श्रोत आर्जनको दिगोपना तथा श्रोत परिचालनमा स्पष्टता र प्रभावकारिता | |

| | | |
|---|---|---|
| १९ | कर्मचारी, सेवा प्रदायक र कृषकको क्षमता विकास | |
| २० | स्थानीय सरकार र अन्य सहयोगी निकायसंगको समन्वय र सहकार्यको अवस्था | |

**स्तरीकरण**: उत्कृष्ट भएमा - ५, धेरै राम्रो भएमा - ४ अंक, राम्रो भएमा - ३ अंक, सन्तोषजनक भएमा - २ अंक, नराम्रो भएमा - १ अंक ।

## अनुसूची - १०

(दफा ७ को उपदफा ५ संग सम्बन्धित)

## केन्द्रको व्यावसायिक योजनाको ढाँचा

**(क) केन्द्रको संक्षिप्त विवरण**

| | | |
|---|---|---|
| १. केन्द्रको नाम | | |
| २. स्थायी ठेगाना र सम्पर्क विवरण | जिल्ला : | गाउँ/गाउँपालिका : |
| | वडा नं. : | गाउँ/टोल : |
| | सम्पर्क नं. : | इमेल : |
| ३. कृषि व्यवसायको नाम र प्रकार | व्यवसायको नाम : | प्रकार : |
| ४. व्यावसायको दर्ता सम्बन्धी विवरण | दर्ता नं. र मिति : | नवीकरण मिति : |
| | दर्ता भएको निकाय : | पाना नं. : |
| ५. हाल संचालन गर्दै आएका कृयाकलापहरु | | |

**(ख) केन्द्रको प्रमुख पदमा रहेका पदाधिकारी र कर्मचारीको शैक्षिक योग्यता, तालिम र अनुभव सम्बन्धी विवरण**

(अ) शैक्षिक योग्यता सम्बन्धी विवरण

| क्र.स. | नाम | पद | हासिल गरेको योग्यता | उतिर्ण गरेको साल | शैक्षिक संस्थाको नाम र ठेगाना | अध्ययनको बिषय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(आ) प्रस्तावित सेवा प्रवाह सम्बन्धी प्राप्त गरेका तालिमको विवरण

| क्र.स. | तालिम लिने व्यक्तिको नाम | तालिमको बिषयवस्तु | तालिमको अवधि | मिति देखि....सम्म | तालिम दिने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(इ) सम्बन्धित विषयमा कार्य अनुभव

| क्र.स. | नाम | पद | अवधि (वर्ष) | संस्था/फार्म/ व्यक्तिगत | गरेका मुख्य कामहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## (ग) कृषि प्रसारका लागि प्रस्तावित व्यावसायिक सेवाहरु

| | | |
|---|---|---|
| १. कृषि प्रसारका लागि प्रस्तावित व्यावसायिक सेवाहरु | | |
| २. सेवा प्रवाह गरिने क्षेत्रहरु | | |
| ३. प्रस्तावित सेवाबाट लाभान्वित हुने सेवाग्राही | कृषक समुह संख्या : | सहकारी संख्या : |
| | कृषक घरधुरी संख्या : | अन्य : |

## (घ) कृषि प्रसार सम्बन्धी व्यावसायिक सेवा संचालन बापत प्राप्त हुने अनुमानित आम्दानी विवरण

| क्र.स. | प्रदान गरिने व्यावसायिक सेवाहरु | इकाई | परिमाण | सेवा शुल्क दररु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **जम्मा** | | | | | | |

(ङ) व्यवसायिक सेवा विस्तारका लागि लगानी योजना

| क.स.. | लगानीको विवरण | इकाई | परिमाण | दर | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(च) वित्तीय श्रोतको व्यवस्थापन

| क.स. | विवरण | लगानीका श्रोतहरु | | | | | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| | | सरकारी अनुदान | स्वः लगानी | ऋण | | अन्य श्रोत | |
| | | | | बैंक/वित्तीय संस्था | व्यक्तिगत | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(छ) वित्तीय विश्लेषण

| क.स. | विवरण | रकम रु. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| | आय विवरण | | | | |
| | क. सेवा विक्रीबाट प्राप्त आम्दानी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख. मौज्दात | | | | |
| | ग. जम्मा आम्दानी (क-ख) | | | | |
| | **खर्च विवरण** | | | | |
| | घ. सेवा संचालन खर्च | | | | |
| | ङ. सालाखाला नाफा (ग-घ) | | | | |
| | च. स्थिर खर्च | | | | |
| | छ. खुद नाफा (ङ-च) | | | | |
| | ज. कुल लगानी पूजी (घ+च) | | | | |
| | **लगानीमा प्रतिफल** : (खुद नाफा/कुल लगानी पुंजी) X १०० | | | | |

**ज. व्यावसायिक कृषि प्रसार सेवा संचालनको वार्षिक कार्ययोजना**

| क्र.स. | सेवाको किसिम | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची — ११

(दफा १४ को उपदफा २ संग सम्बन्धित)

**सामुदायिक कृषि प्रसार सेवा केन्द्र दर्ता प्रमाण-पत्रको ढाँचा**

सानीभेरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**...................शाखा**

सिम्ली, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

**<u>सामुदायिक कृषि प्रसार सेवा केन्द्र दर्ता प्रमाण-पत्र</u>**

दर्ता नंः

कृषक एवं बहुल सेवा प्रदायकको सहभागितामा सामुदायिक कृषि प्रसार सेवा केन्द्र मार्फत दिगो कृषि प्रसार सेवा विस्तार गर्ने उद्देश्यले यस सानीभेरी गाउँपालिका वडा नं. ......मा मिति ................ मा गठित सामुदायिक कृषि प्रसार सेवा केन्द्रलाई यस गाउँपालिकाको गाउँ ... ... ... शाखाको अभिलेखमा दर्ता गरी यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत

मितिः

## अनुसूची - १२

(दफा १४ को उपदफा ३ संग सम्बन्धित)

**केन्द्रको दर्ताको लागि आवश्यक पर्ने कागजातहरुको विवरण**

१. निवेदन १ प्रति

२. केन्द्रको साधारण भेलाको उपस्थिति र निर्णयको प्रतिलिपि १ प्रति

३. केन्द्रको व्यवस्थापन समिति गठन गरिएको माइन्युट १ प्रति

४.	केन्द्रको विधान ३ प्रति

५.	केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण १ प्रति

६.	सम्बन्धित वडा कार्यालयको सिफारिस १ प्रति

**अनुसूची - १३**

( दफा १४ को उपदफा ५ संग सम्बन्धित)

**सामुदायिक कृषि प्रसार सेवा केन्द्रको दर्ता नवीकरणको ढाँचा**

**नवीकरणको विवरण**

| सि.नं. | नवीकरण मिति | | नवीकरण गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची - १४**

(दफा १४ उपदफा ६ संग सम्बन्धित)

**केन्द्रको दर्ता नविकरण गर्दा आवश्यक पर्ने कागजातहरु**

१.	निवेदन १ प्रति

२.	केन्द्र व्यवस्थापन समितिको निर्णय प्रतिलिपी १ प्रति

३.	दर्ता प्रमाण-पत्रको प्रतिलिपि १ प्रति

४.	वडा कार्यालयको सिफारिस १ प्रति

५.	केन्द्रको वार्षिक प्रगति प्रतिवेदन १ प्रति

६.	केन्द्रको वार्षिक लेखा परिक्षण प्रतिवेदन १ प्रति

आज्ञाले,

नामःभूपाल सिं विष्ट

प्रमुख प्रशासकीय अधिकृत